इच्छाकामना गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

कुरिनटार, चितवन

## बोलपत्र आव्हानको सूचना

**प्रथम पटक प्रकाशित मिति :२०७८/०६/०५**

यस इच्छाकामना गाउँपालिका कार्यालयको तपसिलमा उल्लेखित कार्यहरु **E-Bidding** तथा **Hard copy** माध्यमबाट गराउनु पर्ने भएकाले नेपाल सरकारबाट इजाजत प्राप्त इच्छुक सप्लायर्स,विक्रेता तथा व्यवसायीहरुबाट निम्न शर्तको अधिनमा रही रितपूर्वकको **E-Bidding** तथा **Hard copy** माध्यमबाट बिड गर्न यो सुचना आव्हान गरिएको छ।

तपसिल

१. बोलपत्र फाराम खरिदको लागि नवीकरण भएको इजाजतपत्र, आयकरदर्ता प्रमाणपत्र, मू.अ.क. दर्ता प्रमाणपत्र, फर्म संस्था वा कम्पनी दर्ताको प्रमाणपत्र र आ.व. ०७६/०७७ को कर चुक्ताको प्रतिलिपि र निवेदन सहित यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३० दिन सम्ममा तपसिलमा उल्लेखित दस्तुर जम्मा गरी (फिर्ता नहुने गरी) www.bolpatra.gov.np/egp मार्फत र गाउँपालिकाको कार्यालयबाट खरिद गर्न सकिनेछ।

२. यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३१ औं दिन, दिनको १२:०० बजे भित्र दाखिला गरिसक्नु पर्ने छ। यसरी दर्ता हुन आएका बोलपत्रहरु सोही दिन दिनको १:०० बजे कार्यालयका प्रतिनिधिहरु र बोलपत्रदाताहरु वा निजको प्रतिनिधिहरुको रोहबरमा खोलिने छ। बोलपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन।

३. बोलपत्र खरिद र दर्ता गर्ने अन्तिम दिन बिदा परेमा सोको भोलीपल्ट कार्यालय खुलेको दिन सोहि समयमा उपरोक्त अनुसारको कार्य हुनेछ।

४. बोलपत्र साथ जमानत बापतको निम्न विवरणमा उल्लेखित रकम ग्लोबल आइ एम ई बैंक लि कुरिनटार, चितवन स्थित इच्छाकामना गाउँपालिका कार्यालय चितवनको धरौटी खाता नं GA-3C401010000021 मा जम्मा गरेको सक्कल भौचर वा बोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट १२० दिन म्याद भएको नेपाल सरकारबाट मान्यता प्राप्त "क" वर्गको बैंकबाट यस कार्यालयको नाममा जारी भएको सक्कलै बैंक जमानत (बैंक ग्यारेन्टी) पेश गर्नु पर्नेछ।

५. बोलपत्र फाराम बापतको दस्तुर ग्लोबल, आइ. एम. ई. बैंक लि कुरिनटार, चितवन स्थित इच्छाकामना गाउँपालिका कार्यालय चितवनको आन्तरिक राजस्व खाता नं GA-1-1C404010000004 मा जम्मा गरेको भौचरको scan copy समेत पेश गर्नु पर्ने छ।
कार्यालय कोड-35-365-19

६. कालोसुचिमा नपरेको स्वयं घोषणापत्र समेत पेश गर्नु पर्नेछ।

७. बोलपत्रमा मू.अ.क. बाहेकको दररेट उल्लेख गर्नु पर्नेछ। बोलपत्र भर्दा दररेट स्पष्ट रुपमा अक्षर र अंकमा उल्लेख गर्नु पर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ। म्याद नाघि आएको र रित नपुगेको बोलपत्र उपर कुनै कार्बाही गरिने छैन।

८. एक फर्मको नाममा खरिद गरिएको बोलपत्र अर्को व्यक्ति वा फर्मको नामबाट दाखिला गर्न पाइने छैन।

९. बोलपत्र दाताहरुले बढीमा तिनवटा फर्महरुको एक संयुक्त उपक्रम बनाई बोलपत्र पेश गर्न सक्नेछन्। तर एक बोलपत्र दाताले संयुक्त उपक्रमको साझेदार वा व्यक्तिगत मध्ये कुनै एउटा मात्र बोलपत्र पेश गर्न सक्नेछ।

१०. कार्यालयको हितलाई ध्यानमा राखी बोलपत्र स्वीकृत गर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने वा स्वीकृत नगर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ।

११. सूचनामा उल्लेख नभएको कुराहरुका हकमा सार्वजनिक खरिद ऐन,२०६३ एवं नियमावली,२०६४ र प्रचलित कानून बमोजिम हुनेछन्।

राम दत्त भट्ट

प्रमुख प्रशासकीय अधिकृत

इच्छाकामना गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय फुरिनटार, चितवन बागमती प्रदेश, नेपाल

१२. बोलपत्रदाताले लागत अनुमान भन्दा १५% भन्दा कम अंक कबोल गरेमा कबोल अंकको ५% र लागत अनुमानको १५% भन्दा बढी घटेर कबोल गरेको अवस्थामा १५% भन्दा जति घटि कबोल गरेको सो को ५०% ले हुन आउने रकम कबोल अंकको ५% मा थप गरि कार्य सम्पादन जमानत राख्नु पर्नेछ।

१३. हार्ड कपिको हकमा विडका लागि आवश्यक कागजातको सक्कल प्रति वा नोटरी प्रमाणित कपि पेश गर्नुपर्नेछ।

१४. प्रि बिड मिटिङ सुचना प्रकाशित भएको मितिले २१ औं दिन दिनको ठिक १ बजे यस कार्यालयमा हुनेछ र यदि उक्त दिन विदापरेमा सोको भोलीपल्ट कार्यालय खुलेको दिन सोहि समयमा उपरोक्त अनुसारको कार्य हुनेछ।

१५. कामको विवरण निम्नानुसारको छ।

| सि. नं. | ठे नं | कामको विवरण | ल.ई.रकम (मु.अ.क. र कन्टिन्जेन्सी बाहेक) | जमानत रकम | फाराम खरिद दस्तुर | माध्यम |
|---|---|---|---|---|---|---|
| १. | NCB/IRM/03/078/079 | "Box Culvert construction, Ward No.- 7 Khedbari Khola, khedbari Chitwan. | 4294359.12 | 145325.27 | 3000.00 | बोलपत्र |

..................
प्रमुख प्रशासकीय अधिकृत

राम दत्त भट्ट
प्रमुख प्रशासकीय अधिकृत